# फिदिम राजपत्र

# फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः६ फिदिम, पाँचथर माघ १२ गते २०७९ संख्याः ४

भाग-१

फिदिम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फिदिम पाँचथरको सूचना

# फिदिम नगर प्रज्ञा प्रतिष्ठान ऐन -२०७९

**प्रस्तावना**

नेपाल बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक देश हो । फिदिम नगरपालिकाको भाषा, लिपि, परम्परा, लोककला, लोकसवाद, साहित्य, संस्कृतिको संरक्षण र संवर्धन गर्दै भाषा, लिपि, कला, साहित्य र संस्कृतिको अध्ययन एवं अनुसन्धान गर्न तथा यस क्षेत्रमा समर्पित प्रतिभाहरूको खोज, सम्मान तथा कदर गर्न स्थानीय स्तरमा एक प्रतिष्ठान आवश्यक भएकोले फिदिम नगर प्रज्ञा प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले ,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरि फिदिम नगर सभाबाट पारित गरि लागु गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यस ऐनको नाम "फिदिम नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७९" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा ,**

(क) "प्रज्ञा प्रतिष्ठान" भन्नाले यस ऐन बमोजिम स्थापना भएको प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्दछ ।

(ख "भाषा" भन्नाले फिदिम नगरपालिका भित्र बोलिने सम्पूर्ण राष्ट्रिय भाषा सम्झनु पर्दछ ।

(ग) "लोक कला" भन्नाले परम्परा देखि प्रयोगमा आएको चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, वास्तुकला, नाट्यकला, गित तथा संगित लगायतका अन्य सृजनात्मक कलाहरु भन्ने सम्झनु पर्दछ ।

(घ) "साहित्य" भन्नाले राष्ट्रका हरेक भाषा लिपि साहित्य लगायत लिखित एवं मौखिक लोक साहित्य समेतलाई सम्झनु पर्दछ ।

(ङ) "संस्कृति" भन्नाले नेपाली संस्कृतिका विविध पक्षलाई सम्झनु पर्दछ ।

(च) “सभा” भन्नाले यस ऐन बमोजिम गठन भएको प्रतिष्ठानको दफा ७ बमोजिमको सभा सम्झनु पर्दछ ।

(छ) “परिषद्” भन्नाले यस ऐन बमोजिम गठन भएको दफा ११ बमोजिमको परिषद् सम्झनु पर्दछ ।

(ज) “अध्यक्ष” भन्नाले यस ऐन बमोजिम प्रज्ञा प्रतिष्ठानको अध्यक्ष सम्झनु पर्दछ ।

(झ) “उपाध्यक्ष” भन्नाले यस ऐन बमोजिम प्रज्ञा प्रतिष्ठानको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ञ) “सदस्य सचिव” भन्नाले यस ऐन बमोजिम प्रतिष्ठानको नगर परिषद सदस्य सचिव भन्ने सम्झनु पर्दछ ।

(ट) “नगर प्राज्ञ सदस्य ” भन्नाले यस ऐन बमोजिम प्रतिष्ठानको सदस्य भन्ने सम्झनु पर्दछ ।

(ठ) “कार्य सम्पादन समिति ” भन्नाले यस ऐन बमोजिम प्रतिष्ठानको अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव र नगर प्राज्ञ सदस्यलाई सम्झनु पर्दछ ।

(ड) “कार्यपालिका” भन्नाले फिदिम नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ढ) “नगर प्रमुख” भन्नाले यस फिदिम नगरपालिका प्रमुखलाई सम्झनुपर्दछ।

(ण) “नगर उप प्रमुख” भन्नाले फिदिम नगरपालिका उप प्रमुखलाई सम्झनु पर्दछ ।

(त) “विधागत समिति ” भन्नाले प्रज्ञा प्रतिष्ठानद्धारा गठन गरीएको विधागत उप समितिलाई सम्झनु पर्दछ ।

(थ) “परिषद सदस्य” भन्नाले यस ऐन बमोजिम नगर प्रज्ञा प्रतिष्ठान संचालन गर्ने परिषद् सदस्य सम्झनु पर्दछ ।

(द) “परिषद सल्लाहाकार” भन्नाले नगर प्रज्ञा प्रतिष्ठान संचालन गर्ने परिषद् सल्लाहाकार सम्झनु पर्दछ ।

(ध) “तोकिएका वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद २

## प्रतिष्ठानको स्थापना तथा काम कर्तव्य र अधिकार

३) **प्रतिष्ठानको स्थापनाः** (१) फिदिम नगरपालिका क्षेत्रका भाषा, लिपि, लोक कला, साहित्य र संस्कृतिको संरक्षण तथा संवर्द्धन गर्न फिदिमनगर प्रज्ञा प्रतिष्ठानको स्थापना गरिनेछ ।

(२) फिदिम नगर प्रज्ञा प्रतिष्ठानको केन्द्रीय कार्यालय फिदिम नगरपालिका क्षेत्र भित्र रहने छ ।

४) **फिदिम नगर प्रज्ञा प्रतिष्ठान स्वशासित संस्था हुने** (१) फिदिम नगर प्रज्ञा प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(२) फिदिम नगर प्रज्ञा प्रतिष्ठानको **अनुसुचि २** मा उल्लेख भएबमोजिम आफ्नो एउटा छाप हुनेछ ।

(३) फिदिम नगर प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह चल-अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्ने छ ।

(४) फिदिम नगर प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह आफ्नो तर्फबाट नालिस गर्न र प्रतिष्ठान उपर पनि सोही नाम उपर नालिस लाग्न सक्ने छ ।

(५) फिदिम नगर प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्ने छ ।

५) **फिदिम नगर प्रज्ञा प्रतिष्ठानको काम कर्तव्य र अधिकार** : प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ

(क) प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) भाषा, लिपि, लोक कला, लोकसंवाद साहित्य, संस्कृतिको संरक्षण, सम्बर्द्धन तथा अध्ययन अनुसन्धान गर्ने,

(ग) यस क्षेत्रका अनुसन्धानात्मक तथा मौलिक कृति र सृजना संकलन तथा प्रकाशन गर्ने,

(घ) यस क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति तथा सस्थाहरुलाई कदर सम्मान तथा पुरस्कृत गर्ने,

(ङ) पुस्तकालय, ग्यालेरी तथा संग्रहालय स्थापना गर्ने,

(च) यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्न विद्वत् व्यक्तिको व्यवस्था गर्ने,

(छ) स्थानीय, प्रदेश, राष्ट्रियस्तरमा कार्यशाला, सम्मेलन, प्रदर्शनी, साहित्य र साँस्कृतीक महोत्सव तथा प्रतियोगिताको आयोजना गर्ने,

(ज) सम्बन्धित विषयमा स्थानीय, प्रदेश, राष्ट्रियस्तरमा गोष्ठी, कार्यशाला, सम्मेलन, प्रदर्शनी, साहित्य र साँस्कृतीक महोत्सव तथा प्रतियोगिताको आयोजना गर्ने,

(झ) यस क्षेत्रका अन्य व्यक्ती तथा संघ संस्थासंग सम्बन्ध स्थापना र विस्तार गर्ने तथा पारस्परिक सहयोग आदानप्रदान गर्ने,

(ञ) आवश्यक अन्य कामहरु गर्ने ।

## परिच्छेद ३

## प्रतिष्ठान संगठन

**६. फिदिम नगर प्रज्ञा प्रतिष्ठानको संगठन**

(क) परिषद सभा

(ख) कार्य सम्पादन समिति

**७. प्रतिष्ठानको सर्वोच्च निकाय** : (१) परिषद सभाको गठन देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| (क) अध्यक्ष | १ जना |
| (ख) उपाध्यक्ष | १ जना |
| (ग) सदस्य सचिव | १ जना |
| (घ) परिषद् सदस्य | १० जना |

(२) फिदिम नगर प्रज्ञा प्रतिष्ठान गठनका लागि फिदिम नगरपालिकामा स्थायी बसोबास गरी नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएकाहरु मध्ये भाषा, लिपी, लोकसंवाद, साहित्य, ललीतकला तथा

संस्कृति आदिमा योगदान पुऱ्याउदै आएका व्यक्तिहरु मध्येबाट प्रतिनिधित्व हुने गरी नगर प्रज्ञा प्रतिष्ठान अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव पदमा नगरपालिकाको नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृतको संयुक्त बैठकले नियुक्त गर्नेछ ।

(३) फिदिम नगर प्रज्ञा प्रतिष्ठानमा अध्यक्ष, उपाध्यक्ष , सदस्य सचिव र परिषद सभा सदस्य (४ महिला र ६ पुरुष ) १० जना गरी परिषद सभा सदस्य संख्या १३ हुनेछ । परिषदबाट १ पुरुष १ महिला गरी २ जना नगर प्राज्ञ सदस्य मनोनित हुनेछन् ।

(४) दैनिकि कार्य संचालन गर्न अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव र २ जना नगर प्राज्ञ सदस्य गरी ५ जना नगर प्रज्ञा प्रतिष्ठानको कार्य सम्पादन समिति हुनेछ । कार्यसम्पादन समितिको पूर्णता नभएसम्म अध्यक्ष उपाध्यक्ष र सदश्य सचिवले कार्यसम्पादन समितिको कायगर्न बाधापर्ने छैन ।

(५) उपदफा १ बमोजिमका अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव नगर प्राज्ञ सदस्य र नगर परिषद सदस्यहरूको दावधि ४ वर्षको हुनेछ ।

(६) कुनै कारणले फिदिम नगर प्राज्ञ सदस्य वा प्रज्ञा परिषद सभा सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि नगर प्रज्ञा परिषद सभाले त्यस्तो सदस्य जुन विधि र क्षेत्र वा विधा बाट प्रतिनिधित्व भएको हो सोही विधा वा क्षेत्रबाट र बिधि बाट अर्को प्रज्ञा परिषद सदस्यको प्रतिनिधित्व हुने छ । उपाध्यक्ष र सदस्य सचिवको हकमा नगरपालिकाको नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकिय अधिकृतको संयुक्त बैठकले बाँकि अवधिको लागि नियुक्त गर्नेछ । तर अध्यक्षको पद निजको कार्यअवधि पुरानहुदै रिक्त भएमा प्रतिष्ठानको कार्यसम्पादन , परिषद सभा स्वत भंग भएको मानिने छ । नयाँ प्रज्ञा परिषदसभा गठन यस यस ऐन बमोजिम हुने छ ।

(७) अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवले पुःन नया नगर प्रज्ञा परिषद सभा सदस्य, नगर प्राज्ञ सदस्य र विभाग समिति मनोनीत गर्नु पर्दछ ।

(८) अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव, नगर प्रज्ञा परिषद सभा सदस्य र नगर प्रज्ञा सदस्यको सुविधा नगर सभाले तोकिए बमोजिम हुनेछ ।

(९) उपदफा (१) बमोजिमको समितिले सदस्यका लागि सिफारिस गर्दा सम्बन्धित क्षेत्रमा योगदान पुर्‍याएका ब्यक्तिको प्रतिनिधित्वलाई प्राथमिकता दिइनेछ ।

(१०) उपदफा २ (घ) बमोजिमको फिदिम नगर प्राज्ञ सदस्य पदको मनोनयनको लागि सिफारिस गर्ने सम्बन्धमा कार्यविधि नगर प्राज्ञ परिषद सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **विधागत समिति** : (१) फिदिम नगर प्रज्ञा प्रतिष्ठानको कामलाई थप प्रभावकारी बनाउन भाषा, लोकसंवाद, ललीत कला, साहित्य, संस्कृतिको क्षेत्रका विषय विज्ञ ब्यक्तीहरु सहभागी हुने गरी देहाय बमोजिमको विधागत विभाग समिति गठन गरिनेछ ।

क) भाषा तथा साहित्य विभाग

ख) लोक सस्कृतीक तथा नाट्य विभाग

ग) ललीत कला, संगित तथा नृत्य विभाग

(२) नगर परिषद सभा सदस्यको संयोजकमा १ र ४ सदस्य गरी जम्मा ५ जना विधागत विभाग समिति गठन गरीनेछ।

(३) विधागत समिति गठन गर्दा समावेशितालाई यथाशक्य अपनाउनुपर्ने ।

(४) विधागत समितिको कार्य अवधि ४ बर्षको हुनेछ । तर कार्य जिम्मेवारी प्रभावकारी नभएमा, मृत्यु भए वा राजिनामा दिएको अवस्थामा नगर प्राज्ञ परिषद सभाले पुर्नःगठन गर्न बाँधा पर्ने छैन । नगर प्रज्ञा प्रतिष्ठानको कार्य अवधि सकिएपछि विधागत समितिको कार्य अवधि पनि स्वत समाप्त हुनेछ ।

(५) विधागत समितिको काम, कर्तब्य र अधिकार नगर परिषद सभाले तोकिदिए बमोजिम हुनेछ ।

(६) फिदिम नगर प्रज्ञा प्रतिष्ठान संचालनका लागि उपयुक्त सल्लाह र सुझाव दिन नगरपालिका भित्र बसोबोस गर्ने ५ सदस्यीय सल्लाहाकार समिति गठन गर्न सकिने छ । आवस्यकता अनुसार नगर प्राज्ञ परिषद सभामा

उपस्थिती हुनेछन् । तर गणपुरक संख्या निर्धारण र मताधिकारका लागी सल्लाहकार समितिका सदस्यहरुको गणना गरिने छैन ।

**९. नगर प्राज्ञ परिषद सभा परिषद्को काम, कर्तव्य र अधिकार**

(क) प्रतिष्ठानको नीति निर्माण गर्ने ।

(ख) प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

(ग) प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने ।

(घ) नगर विषय विज्ञ, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने ।

(ङ) प्रतिष्ठानलाई निर्देशन गर्ने ।

(च) प्रतिष्ठानको कामको अनुगमन तथा मूल्यांकन गर्ने ।

(ज) नगर प्रज्ञा प्रष्ठिानको प्रगति प्रतिवेदन, आर्थिक प्रतिविदन र लेखा परीक्षण अनुमोदन गर्ने ।

(झ) विधागत विभाग र आवश्यकता अनुसार समिति तथा उप समितिको गठन गर्ने र त्यस्तो समिति तथा उपसमितिको काम, कर्तव्य तथा अधिकार तोक्ने ।

(ञ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

**१०. फिदिम नगर प्राज्ञ परिषद सभाको बैठक** : (१) सभाको बैठक बर्षमा न्युनतम दुई पटक बस्ने छ ।

(२) सभाको बैठक प्रतिष्ठानका अध्यक्षले तोकेको मिति, समय र स्थानमा हुनेछ ।

(३) सभाको बैठक हुनुभन्दा कम्तीमा ७ दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना

सभाका सचिवले सबै नगर प्राज्ञ परिषद सभा सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) सभामा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थिती भएमा सभाको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(५) सभाको बैठकको अध्यक्षता प्रतिष्ठानका अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा सभामा अध्यक्ष गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) सभाको बैठकको निर्णय अध्यक्षबाट प्रमाणित हुनेछ ।

(८) सभामा मानार्थ र विद्वतको आमन्त्रण गर्न सकिने छ ।

(९) सभाको बैठक सम्बन्धि कार्यविधि सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(१०) फिदिम नगर प्रज्ञा प्रतिष्ठानको प्रगति प्रतिवेदन फिदिम नगरपालिकामा पेश गर्ने ।

११. **फिदिम नगर प्रज्ञा प्रतिष्ठान कार्य सम्पादन समितिको गठन**: (१) फिदिम नगर प्रज्ञा प्रतिष्ठानको कार्यकारी निकायको रुपमा कार्य गर्न नगर प्रज्ञा प्रतिष्ठानको कार्य सम्पादन समिति रहनेछ ।

(२) नगर प्रज्ञा प्रतिष्ठान कार्य सम्पादन समिति सदस्य गठन देहाय बमोजिम हुनेछ

(क) नगर प्रज्ञा परिषद अध्यक्ष १ जना

(ख) नगर प्रज्ञा परिषद उपाध्यक्ष १ जना

(ग) नगर प्रज्ञा परिषद सदस्य सचिव १ जना

(घ) नगर प्रज्ञा सदस्य २ जना ( नगर प्रज्ञा परिषद् सभाबाट १ पुरुष र १ महिला मनोनित हुनेछ ।)

३. फिदिम नगर प्रज्ञा प्रतिष्ठान कार्य सम्पादन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) सभाले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) सभाले दिएको निर्देशन पालना गर्ने,

(ग) लेखा परीक्षणको प्रतिवेदन सभा समक्ष पेश गर्ने,

(घ) अध्यक्षले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदनका सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि सभा समक्ष पेशगर्ने।

(ङ) प्रतिष्ठानको चल अचल सम्पत्ति व्यवस्थापन, संचालन, संरक्षण र रेखदेख गर्ने गराउने

(च) प्रतिष्ठानको कोषको व्यवस्था र संचालन गर्ने

(छ) फिदिम नगर प्रज्ञा परिषदले तोकिए बमोजिमको काम गर्ने ।

## परिच्छेद -४
## संरक्षक तथा कर्मचारी

**१२. प्रमुख संरक्षक, संरक्षक, प्रतिष्ठानका पदाधिकारी**

(क) प्रमुख संरक्षक फिदिम नगरपालिका प्रमुख फिदिम नगर प्रज्ञा प्रतिष्ठानको प्रमुख संरक्षक रहने छन् ।

(ख) संरक्षक फिदिम नगरपालिका नगर उप प्रमुख फिदिम नगर प्रज्ञा प्रतिष्ठानको संरक्षक रहने छन् ।

**१३. अध्यक्षको काम कर्तव्य र अधिकार**

(क) फिदिम नगर प्रज्ञा प्रतिष्ठान सभा र परिषद् बैठकको अध्यक्षता गर्ने,

(ख) फिदिम नगर प्रज्ञा प्रतिष्ठान सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयन गर्ने गराउने,

(ग) फिदिम नगर प्रज्ञा प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न व्यवस्था मिलाउने,

(घ) फिदिम नगर प्रज्ञा प्रतिष्ठानले स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) फिदिम नगर प्रज्ञा प्रतिष्ठान परिषद्को स्वीकृति लिई प्रतिष्ठानको तफर्बाट प्रतिनिधित्व गर्ने,

(च) संघीय सरकार, प्रदेश सरकारसँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

(छ) तोकिए बमोजिमको अन्य काम गर्ने,

**१४. उपाध्यक्षको काम कर्तव्य र अधिकार**

(क) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने ।

(ख) सभा र परिषदको बैठकमा उपस्थित हुन ।

(ग) सभाले दिएको निर्देशन र परिषद्ले गरेको निर्णयको कार्यान्वयनमा अध्यक्षलाई सहयोग गर्ने ।

(घ) अध्यक्षको निर्देशनमा काम गर्ने ।

(ङ) तोकिएको अन्य कार्यहरु गर्ने ।

**१५. सदस्य सचिवको काम कर्तव्य र अधिकार**

(क) सभा र परिषदको बैठकमा उपस्थित हुने ।

(ख) अध्यक्षको निर्देशनमा काम गर्ने ।

(ग) कार्यालयको प्रशासनीक तथा आर्थिक लेखा पद्धती अनुसार कार्य गर्ने ।

(घ) तोकिएको अन्य कार्यहरु गर्ने ।

**१६ परिषद सभा सदस्यहरुको काम कर्तव्य र अधिकार**

(क) सभा र परिषदको बैठकमा उपस्थित हुने,

(ख) अध्यक्षको निर्देशनमा काम गर्ने,

(ग) तोकिएको अन्य कार्यहरु गर्ने ।

**१७ नगर प्रज्ञा परिषद  कार्य सम्पादन समिति सम्बन्धी व्यवस्था**

(क) फिदिम नगर प्रज्ञा प्रतिष्ठानको  यस ऐनको अधीनमा रही कार्य सम्पादन समितिको नियुक्ति गर्ने छ ।

(ख) कार्य सम्पादन समितिको  पदावधि चार वर्षको हुनेछ ।

(ग) कार्य सम्पादन समितिको पारिश्रमिक, सेवाको शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

१८ **पद रिक्त हुने अवस्था** : देहायको अवस्थामा पदाधिकारी वा सदस्य पद रिक्त हुनेछ

(क) नगर प्रज्ञा परिषद सदस्य पदाधिकारी वा सदस्यको पदावधि समाप्त भएमा,

(ख) नगर प्रज्ञा परिषद सदस्य पदाधिकारी वा सदस्यले राजीनामा दिएमा,

(ग) नगर प्रज्ञा परिषद सदस्य पदाधिकारी वा सदस्यको मानसिक सन्तुलन ठीक नभएमा

(घ) नगर प्रज्ञा परिषद सदस्य पदाधिकारी वा सदस्यले नैतिक पतन देखिने फौजदारी अभियोगमा न्यायिक तथा अदालतबाट सजाय पाएमा,

(ङ) नगर प्रज्ञा परिषद सदस्य पदाधिकारी वा सदस्यको दफा २१ अनुसार पदबाट हटेमा,

(च) नगर प्रज्ञा परिषद सदस्य पदाधिकारी वा सदस्यको मृत्यु भएमा वा,

(छ) नगर प्रज्ञा परिषद सदस्य पदाधिकारी वा सदस्यको वैयक्तिक विवरण पुष्ठी नभएमा ।

**१९. फिदिम नगर प्रज्ञा परिषद पदाधिकारी वा सदस्यहरुको योग्यता**

(क) नेपाली नागरिक भएमा,

(ख) फिदिम नगरपालिका भित्र मतदाता नामावती भएमा,

(ग) मानसिक सन्तुलन ठीक भएमा,

(घ) नैतिक पतन नभएको र फौजदारी अभियोग भए न्यायिक तथा अदालतबाट सजायबाट सफाइ पाएमा,

(ङ) भाषा तथा साहित्य, लोक सस्कृतीक तथा नाट्य, ललीत कला, संगित तथा नृत्य क्षेत्रमा लामो समय योगदान भएको ।

२० **पदबाट हटाउन सक्ने** (१) फिदिम नगर प्रज्ञा प्रतिष्ठानका अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिवले यस ऐन बमोजिम काम नगरेमा वा आफ्नो पद अनुसारको आचरण नगरेमा वा इमान्दारी पूर्वक काम नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाई सभामा तत्काल कायम रहेका कम्तीमा एक

चौथाई सदस्यले नगरपालिका प्रमुख समक्ष लिखित निवेदन दिएमा नगरपालिका प्रमुखबाट छानविन समिति गठन गरी आवश्यक छानविन गर्ने ।

(२) उपदफा (१) बमोजिमको छानबीन समितिले सो सम्बन्धनमा छानबिन गरी नगरपालिकाका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नेछ। नगर प्रमुखले त्यस्तो प्रतिवेदन छलफलका लागि नगर प्रज्ञा प्रतिष्ठान परिषद् सभा समक्ष राख्ने व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा सभामा छलफल हुदा सभाको बहुमत परिषद सभा सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारी पूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भनी निर्णय भएमा नगरपालिका प्रमुखले त्यस्तो पदाधिकारीलाई पदबाट हटाउनेछ।

(४) अन्य प्रज्ञा सदश्य र परिषद सदश्यले यस ऐन बमोजिम काम नगरेमा वा आफ्नो पद अनुसारको आचरण नगरेमा वा इमान्दारी पूर्वक काम नगरेमा वा निजमा कार्य क्षमताको अभाव भएमा फिदिम नगर प्रज्ञा प्रतिष्ठान का अध्यक्ष , उपाध्यक्ष र सदश्यसचिव को संयुक्त बैठक बाट हटाउन सक्ने छ ।

**२१. कर्मचारी व्यावस्थापन** : (१) फिदिम नगर प्रज्ञा प्रतिष्ठानमा आवश्यकता अनुसारका कर्मचारीहरु हुनेछन् ।

(२) उपदफा (१) बमोजिमको कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू सभाले तोके बमोजिम रहनेछ । उपर्यक्त बमोजिम सेवा सुविधा तोक्दा सेवा सुविधा व्यहोर्ने आम्दानीको स्रोत समेत सुश्चित गर्नुपर्नेछ ।

## परिच्छेद -५
## कोष तथा लेखापरीक्षण

**२२. कोष** : (१) नगर प्रज्ञा प्रतिष्ठानको एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्।

(क) फिदिम नगरपालिकाबाट प्राप्त रकम ।

(ख) नेपाल सरकारबाट प्राप्त रकम ।

(ग) प्रदेश सरकारबाट प्राप्त रकम ।

(घ) स्वदेशी संघ संस्था तथा व्यक्तिबाट प्राप्त रकम ।

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको रकम प्रतिष्ठानले बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(४) प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

२३. **लेखा र लेखापरीक्षण** : (१) फिदिम नगर प्रज्ञा प्रतिष्ठानको कोष र खाता संचालन अध्यक्ष र सदस्य सचिवबाट संचालन हुनेछ ।

(२) प्रतिष्ठानको लेखा तथा लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

## परिच्छेद -६

## विविध

२४. **शपथ** : (१) आफ्नो पदभार सम्हाल्नु अघि पदाधिकारी र सदस्यहरूले अनुसूची १ मा तोकिएको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

(२) फिदिम नगर प्रज्ञा परिषद्का अध्यक्षले फिदिम नगर प्रमुखबाट शपथ ग्रहण गर्नु पर्नेछ ।

(३) अन्य उपाध्यक्ष, सदस्य सचिव र सदस्यहरूले फिदिम नगर प्रज्ञा परिषद् अध्यक्षबाट शपथ ग्रहण गर्नु पर्नेछ ।

२५. **नियम बनाउने अधिकार** : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले नियम बनाउन सक्नेछ ।

(२) फिदिम नगर प्रज्ञा प्रतिष्ठान सभाले आवश्यक विनियम बनाउन सक्नेछ ।

२६. **संसोधन र खारेजी** : यो ऐनको संसोधन र खारेजि फिदिम नगर सभाले गर्नेछ।

२७. **बाँधा अड्काउ फुकाउ** यस ऐन बमोजिम बाधा अड्काउ फुकाउने अधिकार फिदिम नगरपालिका, नगरकार्यपालिकामा निहित रहने छ ।

## अनुसूची १

(दफा २४ सँग सम्बन्धित)

शपथ

म सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि म......................................... लाई दिएको जिम्मेवारी तनमनले दत्तचित्त भई इमान्दारीपूर्वक पूरा गर्नेछु । भाषा, साहित्य, संस्कृति र कला संरक्षण एवं सम्बर्द्धनका लागि प्रतिबद्ध रही देश र जनताको सेवामा आफ्नो अमूल्य समय र शक्ति समर्पित गर्ने छु ।

नाम थर

पद

दस्तखत

मिति

फिदिम राजपत्र

## अनुसूचि २

(दफा ४ सँग सम्बन्धित)

फिदिम नगर प्रज्ञा प्रतिष्ठानको लोगो

१) साधा कपिमा कलमले लेख्दै गरेको त्यससंगै फिदिम नगर प्रज्ञा प्रतिष्ठान अक्षर लेखिएको एक लोगो हुने छ ।

आज्ञाले

गणेश प्रसाद दाहाल

प्रमुख प्रशासकीय अधिकृत